मा. विष्णु प्रसाद प्रसाई
प्रदेश प्रमुख

# नेपाल सरकार

प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## धन्यवाद ज्ञापन

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को संक्रमण नेपालमा पनि दिनानुदिन बढीरहेको हालको अवस्थामा सामान्य ज्वरो र शरिर दुख्ने भएपछी मैले पनि स्वाब परिक्षण गर्दा मिति २०७७ कार्तिक ११ गते कोरोना भाइरसको संक्रमण पुष्टि भयो। सो पश्चात मेरो स्वास्थ्य अवस्थाको बारेमा चासो राखी विभिन्न माध्यमबाट स्वास्थ्य लाभको कामना गर्नुहुने सम्मानित व्यक्तित्वहरु र सहृदयी सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु। चिकित्सकको सल्लाह अनुसार स्वास्थ्य सम्बन्धी मापदण्ड बमोजिम होम आइसोलेशनमा बसी मिति २०७७ कार्तिक १६ गते पुन: स्वाब परिक्षण गर्दा भाइरस संक्रमण मुक्त भएं। यस अवधिमा मेरो स्वास्थ्यको रेखदेख गर्नुहुने चिकित्सक, स्वास्थयकर्मी र शुभचिन्तक लगायत अन्य सहयोगीहरुलाई समेत धन्यवाद दिन चाहन्छु।

उच्च मनोबल, चिकित्सकको निगरानीमा उपचार र स्वास्थ्य सम्बन्धी मापदण्डको पुर्ण पालना गरेमा यो रोगसंगको लडाई जित्न सकिने मेरो व्यक्तिगत अनुभव रहेको छ। संक्रमण भए पश्चात उपचार गर्नुभन्दा स्वास्थ्य मापदण्डहरुको पुर्ण रुपमा पालना गरी संक्रमण हुन नदिनु नै उत्तम उपाय हुने भएकोले सोही बमोजिम गरी सबैले आफु जोगिई अरुलाई पनि जोगाउने साझा उत्तरदायित्व पुरा गर्न अपिल गर्दछु।

**धन्यवाद !**

**मिति: २०७७ कार्तिक १८ गते मंगलबार।**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**विष्णु प्रसाद प्रसाई**
**प्रदेश प्रमुख**
**बागमती प्रदेश**